**Tribhuvan University Journal**
**Vol. 33, No. 2: 233-244, December, 2019**
**Centre for Research, Tribhuvan University,**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v33i2.33655

# सुदूरपश्चिम प्रदेशका स्थानीय निकायको नामकरण

*हर्कबहादुर शाही**

**सहप्राध्यापक, सुर्खेत क्याम्पस शिक्षा, सुर्खेत, त्रिवि*

## लेखसार

सुदूरपश्चिम प्रदेशका स्थानीय निकायका नामको सङ्कलन गरी ती नामलाई धार्मिक,भौगोलिक र सामाजिक आधारमा वर्गीकरण र विश्लेषण गर्नुउद्देश्य रहेको यो शोधलेख गुणात्मक ढाँचाको रहेको छ । सुदूरपश्चिम प्रदेशका डोटी, डडेल्धुरा,अछाम, कैलाली, बझाङ, बाजुरा, बैतडी, दार्चुला र कन्चनपुर जिल्लाका सम्पूर्ण स्थानीय निकायका जम्मा ८८ गाउँपालिका र नगरपालिकाका नामलाई ती निकायका वेवसाइडबाट सङ्कलन गरिएको छ । सङ्कलित नामलाई पालिका प्रोफाइल र पालिका प्रमुख कर्मचारी र जानकार व्यक्तिलाई टेलिफोन गरी नामकरणका आधार पत्ता लगाइएको छ । उक्त स्थानीय निकायका नामलाई स्थाननाम वर्गीकरणका आधारहरूमध्ये धार्मिक, भौगोलिक र सामाजिक आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ। सुदूरपश्चिम प्रदेशमा ८८ स्थानीय निकायमध्ये एक उपमहानगरपालिका,३२ ओटा नगरपालिका र ५५ ओटा गाउँपालिका रहेका छन् । ती स्थानीय निकायको नामकरणका आधारहरू धार्मिक, भौगोलिक र सामाजिक रहेका छन् । यो प्रदेश धार्मिक रुपमा परापूर्व कालदेखि नै प्रसिद्धि कमाएको प्रदेश भएकाले यहाँका ८८ स्थानीय निकायमध्ये ३६ ओटा अर्थात ३१.६८ प्रतिशत नाम धार्मिक आधारमा रहेका छन् भने ४४ ओटा वा ३८.७२ प्रतिशत नाम भौगोलिक आधारमा रहेका छन् । डाँडाकाँडा, खोलानालाको बाहुल्यता भएकाले यहाँका सबभन्दा बढी पालिकाका नाम यसै आधारमा राखिएको पाइन्छ । सामाजिक नाम भने जम्मा १३ ओटा वा ११.४४ प्रतिशत मात्र रहेका छन् । सामाजिक रूपमा महापुरूषको कमी र जाति वर्ण र गोत्र जस्ता कुराको स्थानीय निकायका नाममा प्रभाव परेको देखिएन ।

**मूल शब्दावली** : स्थाननाम - स्थानीय निकाय - गाउँपालिका - नगरपालिका - सामाजिक - धार्मिक - भौगोलिक ।

## विषयपरिचय

ठाउँको भौगोलिक सूचना दिने नामलाई स्थाननाम भनिन्छ। स्थाननामको अध्ययन गर्ने विधा स्थाननामविज्ञान हो । अंग्रेजीमा यसलाई ‘टोपोनिमी’ भनिन्छ । ‘टोपोस’ भनेको स्थान, ‘ओनोमा’ भनेको नाम र ‘नोमेस’ भनेको विज्ञान भन्ने हुन्छ । यो एक सांस्कृतिक

आवश्यकता, इतिहास र मानव सभ्यताको एक महत्त्वपूर्ण सोपान, इतिहासको पाटटिप्पणी हो भने पुरातत्त्वको जीवात्मा हो (गौडा, सन् १९८४ पृ.१) । भाटिया (सन् १९७३ पृ.३९८-३९९) ले स्थाननामलाई भाषाशात्र, मानवशास्त्र, जातिशात्र, पुरातत्त्वशास्त्र, लोकवार्ताशास्त्र, इतिहास,भूगोल, पर्यावरणविज्ञान ज्ञानअनुशासनसित सम्बन्धित अन्तर्विषयात्मक अध्ययन पद्धतिमा आधारित विधा मानेका छन् । भाषाविज्ञान, मानव विज्ञान,भूगोल जाति विज्ञान, समाज राजनीति, संस्कृति, पर्यावरण, पुरातत्त्व, मिथकशास्त्र, वर्णन शास्त्र, सूक्तिशास्त्र इत्यादिको अध्ययन स्थाननामको अध्ययन विना अपूर्ण हुन्छ । कुमार (सन् १९८४ पृ.२४) ले स्थाननामलाई भाषाशास्त्र, मानवशास्त्र, जातिशास्त्र, पुरात्त्वशास्त्र, लोकवार्ताशास्त्र, इतिहास, भूगोल, पर्यावरणविज्ञानको ज्ञानसँग सम्बन्धित अन्तर्विषयात्मक अध्ययन पद्धतिमा केन्द्रित विधा मानेका छन् भने श्रेष्ठ (२०६७ पृ.XV) ले स्थाननामलाई भाषिक र सांस्कृतिक निधि मानेका छन् । मानव समुदाय कुनै पनि स्थानमा लामो समय बसोबास गर्ने क्रममा आफू बसेको स्थानलाई चिनाउनका लागि छुट्टै नाम राख्छन्, यस प्रक्रियाबाट कुनै पनि स्थानको नामकरण हुन्छ । स्थानको नामकरण गर्दा प्राकृतिक विशेषता, विशेष ठाउँ, माहापुरुषको नाम, अविस्मरणीय घटनालाई आधार बनाइन्छ (क्रिस्टल, २००७ पृ.११४) । स्थाननाम र मानवकाबीच अन्योन्याश्रित सम्बन्ध हुने भएकाले यसको सिधा सम्बन्ध भाषासँग हुन्छ । भाषा र मानवीय अन्य पक्षसँग पनि सम्बन्धित हुने भएकाले मानव सम्बन्ध भएका सबै विषयसँग स्थाननामको साइनो गाँसिएको हुन्छ । स्थाननामको अध्ययन विना मानवशास्त्र, इतिहास, भूगोल, संस्कृति जस्ता कुराको अध्ययन अपुरो हुन्छ । यसको अध्ययनले मानव जाति बसोबास गरिआएको परिवेश, भौगोलिक स्थिति,पर्यावरण भूभौतिक तत्त्व, पशु, प्राणी, रुख, खाद्यान्न, फलफूल, ब्यापार बाणिज्य र रहनसहनको जानकारी दिने हुनाले यसलाई जातिशास्त्र, समाजशास्त्र, जीवशास्त्र, वनस्पतिशास्त्र, भूशास्त्र आदि विविध शास्त्रसँग सम्बन्धित विधा मानिन्छ । मानव इतिहासको भण्डारका रूपमा चिनिएको स्थाननामको अध्ययनले जातिगत सम्बन्ध र एकताको भावना समेत गाढा हुन सक्छ ।

सुदूरपश्चिम प्रदेश १०९ (कैलाली) मिटरदेखि ७१३२ (अपि हिमाल, दार्चुला) मिटरसम्मको उचाइमा रहेको छ । २८° २२" उत्तरी अक्षांशदेखि ३०° ०९" उत्तरी अक्षांश र ८०°०३" पूर्वी देशान्तरदेखि ८१° २५" पूर्वी देशान्तरकासम्म फैलिएको यस प्रदेशको क्षेत्रफल १९,५३९ वर्ग कि.मि. छ । यसले नेपालको १३.२७५प्रतिशत क्षेत्रफल ओगटेको छ । प्रदेशको कुल क्षेत्रफलमध्ये ७,९३२.८३४ वर्ग कि.मि. हिमाली भूभाग(४०.६०%), ६,७४८.७७०६ वर्ग कि.मि. (३४.५४%) पहाडी र ४,८५७.३९५४ वर्ग कि.मि. (२४.८६%) तराईको भूभागले ओगटेको छ । पहाडी र हिमाली भूभाग बढी रहेको यस प्रदेशका दुई जिल्ला (कैलाली र कञ्चनपुर) तराईमा, चार जिल्ला (डोटी, डडेल्धुरा, अछाम, बैतडी) पहाडी क्षेत्रमा र तीन जिल्ला (दार्चुला, बझाङ र बाजुरा) का धेरै भूभाग हिमाली क्षेत्रमा पर्दछन् । यसको पूर्वमा कर्णाली प्रदेशका सुर्खेत, दैलेख, कालीकोट र मुगु जिल्ला र पाँच

नम्बर प्रदेशको बर्दिया जिल्ला पर्दछ । पश्चिम र दक्षिणमा भारत, उत्तरमा पनि कर्णाली प्रदेशको हुम्ला जिल्ला र चीन रहेका छन् । नेपालको संविधानअनुसार नेपालको संघीय संरचनाअनुसार सात नम्बर प्रदेश अन्तर्गत साबिकको महाकाली अञ्चलका दार्चुला, बैतडी, डँडेलधुरा र कञ्चनपुर गरी चार जिल्ला र सेती अञ्चलका बझाङ, बाजुरा, डोटी, अछाम र कैलाली गरी जम्मा नौ जिल्ला यसमा समाहित गरिएको छ। यसमा एक उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका गरी जम्मा ८८ स्थानीय निकाय र ७३४ ओटा वडा रहेका छन् । प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि १६ निर्वाचन क्षेत्र र प्रदेश सभासद निर्वाचनका लागि ३२ निर्वाचन क्षेत्र रहेका छन् । प्रदेश सभामा समानुपातिक सहित कूल ५३ सदस्य रहन सक्ने संवैधानिक प्रावधान छ । २०६८ सालको जनगणनाअनुसार यस प्रदेशको जनसंख्या २,५५२,५१७ रहेको छ, जुन कूल जनसंख्याको ९.६३% हुन आउँछ । यसमध्ये पुरुषको जनसंख्या १२,१७,८८७ र महिलाको जनसंख्या १३,३४,६३० रहेको छ। यस क्षेत्रको औषत जन्मदर १.४९ प्रतिशत रहेको छ। यस क्षेत्रमा घरधुरी संख्या ४,६९,९७१ छ भने घर परिवार संख्या ४८२०७० रहेको छ र औषत एक परिवारमा पाँच जना सदस्यहरू रहेको पाइन्छ। यस प्रदेशको कूल जनघनत्त्व १३१ जना प्रति वर्ग किलोमिटर रहेको छ। यस प्रदेशमा भाषा आयोगको भाषिक तथ्याङ्क २०७५अनुसार ८४ भाषा बोलिन्छन् । यहाँका स्थानीय निकायका के कस्ता नामहरू रहेका छन र ती नामको नामकरण के आधारमा गरिएको छ भन्ने विषय यस शोधलेखको समस्या रहेको छ।

## उद्देश्य

सुदूरपश्चिम प्रदेशका स्थानीय निकायका नामको सङ्कलन गरी ती नामलाई धार्मिक, भौगोलिक, र सामाजिक आधारमा वर्गीकरण र विश्लेषण गर्नु यस शोधलेखको उद्देश्य रहेको छ।

## अध्ययन विधि, सामग्री सङ्कलन र विश्लेषण

यो अध्ययन गुणात्मक ढाँचाको रहेको छ। सुदूरपश्चिम प्रदेशका अछाम, बझाङ, बाजुरा, कैलाली, डोटी, डडेल्धुरा, बैतडी, दार्चुला र कन्चनपुर जिल्लाका सम्पूर्ण स्थाननाम यस अध्ययनको जनसंख्या हो भने ती मध्ये त्यहाँका ८८ गाउँपालिका र नगरपालिकाका नामलाई उद्देश्यमूलक नमूनाका रूपमा लिइएको छ। सङ्कलित नामलाई पालिका प्रोफाइल, पालिका प्रमूख, कर्मचारी र जानकार व्यक्तिलाई टेलिफोन गरी नामकरणसम्बन्धी स्थानीयका भनाइहरू सङ्कलन गरियो । सङ्कलित नामलाई स्थाननाम वर्गीकरणका आधारहरूमध्ये धार्मिक, भौगोलिक र सामाजिक आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ।

## स्थाननामको अध्ययन परम्परा

स्थाननामको अध्ययन धेरैजसो भारतमा विद्यावारिधि उपाधिका लागि भएको पाइन्छ भने नेपालमा पनि स्थाननामको कोशीय अध्ययन स्नातकोत्तर तहमा भएको पाइन्छ, त्यसको विवरण र समीक्षा तल गरिएको छ ।

कामिनी (सन् १९८५) ले "बुन्देली भाषी क्षेत्र के स्थान अभिधानों का भाषा वैज्ञानिक अध्ययन" शीर्षकको शोध गरेको पाइन्छ । यसमा जम्मा २७ जिल्लाका नगर, ग्राम, कस्वा, पुरा, मुहल्ला, अथाई, चोक, बाडा, थोक, नाका, तिराहा, मोड, नदी, तलाव, नाला, कुवा, बाबडी, छप्पर, टपरा, अटा, महल, दलान, नहानी, रसोई र खेत गरी ४०,००० स्थाननामलाई प्रत्यक्ष र अप्रत्यक्ष विधिबाट सङ्कलन गरी तिनको नामकरणका आधार र रूपरचना प्रस्तुत गरिएको छ । स्थाननाम नामकरणका प्रमुख आधारका रूपमा व्यक्ति, प्रकृति र धर्मलाई लिइएको कुरा उनले उल्लेख गरेका छन् । यसैगरी एक सय असी वनस्पति, विभिन्न पशुपंक्षी, भूमि, शासक, महापुरुष, पद, उपाधि, जाति, बानी एवम् मनोवृत्ति, द्विरुक्ति र अपंगता यस क्षेत्रका स्थाननामका आधार हुन् । रूपरचना अन्तर्गत एकपदीय, द्विपदीय, बहुपदीय गरी तीन प्रकारका स्थाननाम रहेको र 'कु' उपसर्ग, 'औली' तथा 'इया' प्रत्यय लागेका एकपदीय स्थाननाम अधिक रहेको कुरा उल्लेख गरेका छन् । सिवनी, जवलपुर र बाँदामा प्रत्यय लागेका स्थाननाम बढी रहेका छन् । यसो हुनु प्राचीनताको प्रमाण हो । जम्मा सरल एकपदीय ३५६० र यौगिक १२७४० स्थाननामको विश्लेषण गरिएको छ । द्विपदीय २०,६८७ स्थाननाममा उपसर्ग लागेका ८४ जाति, २९ वनस्पति,२० पशुपंक्षीका नामसँग सम्बन्धित नाम रहेका छन् । अन्य नाममा भूमिका नाम जोडिएका छन् । अधिकांश स्थाननाम देशी शब्दबाट निर्माण भएको र केही मात्र आगन्तुक शब्दको सहायताले निर्माण भएको कुरा पनि कामिनीको शोधको निष्कर्ष निकालेकी छन् । यसले सुदूरपश्चिम प्रदेशका स्थाननामको नामकरणका आधार निर्माण र विश्लेषणमा सघाएको छ ।

बोरा (सन् १९८७) ले 'नामों का भाषाविज्ञान' सन्दर्भ पुस्तक प्रकाशित गरेका छन् । यसमा उनले नाम र भाषा, नाम र अर्थ, देवताका नाम, भौगोलिक नाम र तिनको भाषा, दिल्लीका विविध नाम, नाम र भाषा भूगोल जस्ता विषयको सैद्धान्तिक चर्चा गरेका छन् । यसले स्थाननामको सैद्धान्तिक ज्ञान प्रदान गर्न सघाएको छ ।

श्रेष्ठ (२०६७) ले "स्थाननामकोश" को दोस्रो संस्करण प्रकाशित गरेका छन् । यसमा नेपालका जिल्ला र सदरमुकामका नाम, प्रमुख धार्मिक र ऐतिहासिक स्थानका नाम गरी जम्मा १८१८ स्थाननाम सङ्कलन गरिएको छ । सङ्कलित स्थाननामको अवस्थिति, व्युत्पत्तिको भाषिक, ऐतिहासिक, लौकिक व्याख्या गरिएको छ । यसमा सैद्धान्तिक चर्चा गर्ने क्रममा स्थाननाम वर्गीकरणका आधारहरूलाई नेपाली स्थाननामकको उदाहरण दिई स्पष्ट पारिएको छ । यसमा स्थाननामहरूको स्रोतलाई दुई भागमा विभाजन गरिएको छ । नेपालको

उत्तरी भेगतिरका स्थाननाम तिब्बत बर्मेली भाषा परिवारसित र दक्षिणतिरका नाम भारोपेली भाषा परिवारका भाषाबाट प्रभावित रहेको कुरा उल्लेख गरिएको छ । भोटबर्मेली परिवारका नाममा लुङ, जुङ, ला, दी आदि प्रत्येय लागेका र भारोपेलीका स्थाननाममा टार, चौर, वेसी, कोट, गञ्ज, पुर आदि शब्द जोडिएर स्थाननाम बनेको कुरा यस कोशमा उल्लेख गरिएको छ । अध्ययन विधि उल्लेख नगरिएको यस कोशमा द्वितीयक स्रोतको बढी प्रयोग गरिएको देखिन्छ । यसले सुदूरपश्चिम प्रदेशका स्थाननामको वर्गीकरण र विश्लेषणमा सघाएको छ ।

थापा (सन् २०११) ले "दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरूको विश्लेषणात्मक अध्ययन" शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा दार्जिलिङको पहाडी क्षेत्रमा पर्ने आठओटा विकास क्षेत्रका १२२ ओटा ग्रामपञ्चायत र चारओटा नगरपालिकाको क्षेत्र भ्रमण गरी मानचित्र, जनगणना प्रतिवेन र अन्तरवार्ताका सहायताले स्थाननामको सङ्कलन गरी उक्त नामको संरचनात्मक र अर्थपरक विश्लेषण गरेकी छिन् । संरचनाअन्तर्गत वार्णिक, आक्षरिक तथा शाब्दिक, व्याकरणिक, मूलरूप, परिवर्तित रूप र परिवर्तनका कारण प्रतुत गरिएको छ । यसमा अर्थपरक विश्लेषणमा वस्तुविशेष बोध, ऐतिहासिक घटनामूलक, सांस्कृतिक सन्दर्भसूचक, भूभौतिक तात्पर्यसूचक, सामाजिक सन्दर्भसूचक र वर्गमा विभाजन गरी अध्ययन गरिएको छ । यस क्षेत्रमा स्थाननाममा संस्कृत, भोट हिमाली, युरोपेली र अरबेली भाषाको प्रभाव देखिन्छ । स्थाननाममा प्रयोग भएका स्वर र व्यञ्जन ध्वनि र तिनमा आएको परिवर्तनका कारण रूपमा आगम र लोप भएको छ । त्यहाँका ग्रामिण इलाकाका भोट हिमाली भाषा प्रभावित स्थाननाममा बढी परिवर्तन भइरहेको र यसको कारण एकाक्षरी भाषा परिवारको ध्वनि, अक्षर र शब्द व्यवस्थालाई मानिएको छ । त्यसैगरी यहाँका स्थाननाममा मिश्रित भाषिक व्यस्थाको अनौठो रूप पाइने कुरा उल्लेख गरिएको छ । यहाँका स्थाननामबाट स्थानीय बासीको रहन(सहन, आस्था, विश्वास, दैनिक जीवन, सामाजिक परिवेश, सामाजिक नियम, कानुन आदि व्यक्त भएको कुरा पनि यसमा उल्लेख गरिएको छ । स्थाननामले मानवीय विश्वास र मानसिकतालाई अभिधार्थ, लक्षार्थ र व्यङ्ग्यार्थकबोध गराएको कुरा पनि यसमा उल्लेख भएको छ । सुदूरपश्चिम प्रदेशका स्थानीय निकायका नाम पनि विभिन्न भाषा र सामाजिक चालचलनबाट प्रभावित छन् । यहाँको जनजीवन र विश्वासहरू यहाँका स्थाननामबाट मुखरित भएकाले यस अध्ययनले यसलाई सहयोग गरेको छ ।

द्विवेदी (सन् २०१२) ले "स्थान नाम समय के साक्षी" (ललितपुर जनपद के संदर्भ में) शीर्षकको अनुसन्धानमूलक कृतिमा भारतको उत्तर प्रदेश अन्तर्गत दक्षिण पश्चिममा पर्ने ललितपुर जनपदका स्थाननामको सङ्कलन र ती नामको भाषावैज्ञानिक र अर्थतात्त्विक विश्लेषण गरिएको छ । यस शोधमा उक्त जनपदका ६९७ आवादग्राम र ५७ गैर आवादग्राम र अन्य वरपरका केही मुहल्लाका नामसमेत अभिलेख मतदाता

सूचीको, भ्रमणको सहायताले सङ्कलन गरी रूपरचना, तत्सम, अर्ध तत्सम, तद्भव, देशज, ध्वन्यात्मक, विदेशी, स्थानीय र संकर शब्दका आधारमा वर्गीकरण गरिएको छ । त्यसैगरी त्यहाँका स्थाननामको ध्वनितात्त्विक र भौगोलिक भाषाको पनि विवेचना गरिएको छ । अरबी फारसी, तुर्की,जापानी, अंग्रेजी र स्थानीय भाषा बुन्देलीबाट त्यहाँका स्थाननाम प्रभावित देखिन्छन् । मानवीय व्यवहारमा आउने अनेक सामाजिक सांस्कृतिक चालचलनको प्रभाव पनि स्थाननाममा परेको निष्कर्ष निकालिएको छ । यस अध्ययनले पनि सुदूरपश्चिम प्रदेशका स्थानीय निकायको नामकरणका आधार निर्माण र विश्लेषणमा सघाएको छ ।

सुर्खेत क्याम्पस शिक्षाबाट एम एड.तहको शोधपत्रका रूपमा विभिन्न शोधार्थीले नेपालका विभिन्न जिल्ला, क्षेत्र र गाउँपालिका र नगरपालिका केन्द्रित भई स्थाननामको सङ्कलन गरी अध्ययन गरेको पाइन्छ । खड्का (२०७२) ले जाजरकोट दशेरा क्षेत्रका स्थाननामको नमुना शब्दकोश, चौलागाई (२०७२) ले जुम्ली भाषिक भेत्रका स्थाननाम, बुढा (२०७२) ले हुम्ली भाषी क्षेत्रका स्थाननामको नमुना शब्दकोश, भट्टराई (२०७३) ले बर्दिया जिल्लाका स्थाननाम शब्दकोश ओली (२०७३) ले रुकुम जिल्लाका स्थाननामको नमुना शब्दकोश पुन (२०७३) ले जाजरकोट जिल्ला खगेनकोट दराका स्थाननामको नमुना शब्दकोशचन्द (२०७३) ले दैलेख क्षेत्र नम्बर एकका स्थाननाम शब्दकोश के.सी. (२०७३) ले रोल्पा जिल्लाका स्थाननामको शब्दकोश" बयक (२०७४) ले "सुर्खेत जिल्ला पञ्चपुरी नगरपालिका स्थाननाम शब्दकोश" बरुवाल (२०७४) ले "सुर्खेत जिल्ला चौकुने गाउँपालिकाका स्थाननाम" राना ( २०७४) ले "सुर्खेत चिङ्गाड क्षेत्रका स्थाननाम" शब्दकोश पाण्डेय (२०७४) ले "कालिकोट लालुलोखडा क्षेत्रका स्थाननाम शब्दकोश", कठायत (२०७४) ले अछाम जिल्ला पञ्चदेवल विनायक नगरपालिका स्थाननाम शब्दकोश उपाध्याय (२०७५) ले कालिकोट जिल्लाका तिलागुफा क्षेत्रका स्थाननाम शब्दकोश, शाही (२०७५) ले बाजुरा जिल्लाका स्थाननाम शब्दकोश, मल्ल (२०७५) ले मुगु जिल्लाका स्थाननामको शब्दकोश र रोकाय (२०७५) ले हुम्ला जिल्ला अदानचुली क्षेत्रका स्थाननामकोश शीर्षकमा अनुसन्धान गरी स्थाननाममा लागेका उपसर्ग र परसर्गको वर्णन गरेका छन् । कोशगत अध्ययन गरेका उपर्युक्त अनुसन्धानले कतिपय स्थानीय निकायका नामको अर्थ सङ्कलनमा सघाएका छन् ।

राई र चाम्लिङ (२०७४ ) ले "किरात स्थाननामः प्रागऐतिहासिक एवम् भाषिक अध्ययन" नामक अनुसन्धानात्मक कृतिमा ओल्लो, माँझ र पल्लो किरातका रूपमा परिचित रामेछाप, ओखलढुङ्गा,सोलुखुम्बु, खोटाङ, उदयपुर, भोजपुर, धनकुटा, पाँचथर, ताप्लेजुङ र संखुवासभा जिल्लाका स्थाननामलाई क्षेत्र भ्रमण गरी सङ्कलन गरेका छन् । सङ्कलित नामका प्रत्ययगत विशेषता केलाइएको छ । किराती भाषाका गाउँ वा टोल जनाउँने स्थाननामका पछाडि 'तेल' र 'देल' बाटो जनाउँने नामका अगाडि र पछाडि दुबैमा 'ल्याम' लाग्छ । यिनीहरूको आदिम थलो खुवालुङ हो र पछि बराहा क्षेत्रबाट नेपालको पूर्वी पहाडी क्षेत्रमा पसेको र मूख्य खाद्यान्न कागुनी भएको कुरा उल्लेख गरिएको छ । आन्तरिक र बाह्य

कारणले किरात भाषाका स्थाननाम हाल आएर परिवर्तन भई खसकरण भएको कुरा पनि यस कृतिमा चर्चा गरिएको छ । परिवर्तित स्थाननामको उदाहरण समेत दिइएको यसमा समग्र किरात स्थाननामको भाषाका समग्र पक्षबाट विश्लेषण गरिएको छैन तापनि यसले सुदूरपश्चिम प्रदेशका स्थानीय निकायका नामको विश्लेषणमा सघाएको छ ।

## सुदुरपश्चिमका स्थानीय निकायको नामकरण

अग्रवाल (सन् १९६९) ले "पणिनीकालीन भारतवर्ष" नामक पुस्तक प्रकाशित गरी अष्टाध्यायीमा प्रयुक्त स्थाननामको नामकरण धार्मिक, राजनैतिक,सामाजिक प्राकृतिक र वैयक्तिक आधारमा भएको कुरा उल्लेख गरेका छन् । उनका अनुसार पाणिनीले आफ्नो समयमा स्थाननामका बारेमा गहन अध्ययन गरेका थिए । पाणिनिले स्थाननाम रहने आधारहरू निम्न हुन्छन् भनी चर्चा गरेका छन् । पहिलो आधार स्थानमा पाइने वस्तुका आधारमा नाम राखिने प्रचलन हुन्छ। दोस्रो बस्ती बसाल्नेको नामबाट त्यहाँको नाम राखिएको हुन्छ । तेस्रो त्यहाँ बस्ने विशेष वर्ग र समूहको नामबाट पनि स्थानको नाम रहेको हुन्छ। चौथो कुनै स्थान अर्को स्थानबाट निकट छ भने सोही निकट स्थानको नामबाट पनि त्यस क्षेत्रका स्थाननामको नामकरण भएको हुन्छ । सुदूरपश्चिम प्रदेशका स्थानीय निकायका नामलाई पनि निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

### धार्मिक नाम

सुदूरपश्चिम प्रदेशमा वैदिक कालदेखि नै यहाँका स्थाननामको नामकरणमा धार्मिक प्रभाव रहेको पाइन्छ । यहाँका मानिसको धर्मप्रातिको आस्थाका कारण ईश्वर, देवी देवता, मठ मन्दिर, विभिन्न धर्म, धार्मिक व्यक्तित्त्वका नामबाट अधिकांश स्थाननामको नामकरण गरिएको छ । ईश्वरलाई सृष्टिको जनक मानिन्छ । स्थानका नाम ईश्वरका नामबाट राखिनु यहाँका मानिसले ईश्वरलाई सर्वशक्तिमान मानेको प्रमाण हो । धार्मिक आस्थाका कारण ईश्वरको नाम स्मरण गर्दा मन हलुङ्गो हुने भएकाले पनि यहाँका ठाउँका नाम देवी देवतासँग जोडेर राखिएको हुनसक्छ । सुदूरपश्चिम प्रदेशका ३६ स्थानीय निकायका नाम धार्मिक आधारमा राखिएका छन् , ती यस प्रकार छन् ।

बाजुराका बडिमालिका (बडिंमालिका), त्रिवेणी (त्रिंवेणी), पाण्डव गुफा (पाण्डवंगुफा), स्वामीकार्तिक (स्वामिंकार्तिक), बुढीनन्दा (बुढिंनन्दा, मन्दिरको नाम), गौमुल (गौंमुल, वुढिगंगा नदिको मुहानबाट पानी निस्कदा गाईको मुख भित्रबाट निस्केको जस्तो देखिने आकृति भएकाले यस मुल लाई गौमुल भनिएको हो), जगन्नाथ (जगतंनाथ, भारतको जगन्नाथपुरीबाट जल र थाली भरेर ल्याई जगन्नाथ मन्दिरको स्थापना गरिएकाले यहाँको प्रसिद्ध यही मन्दिरको नामबाट जगन्नाथ रहेको हो । यस मन्दिरमा हरेक वर्षको मकर सङ्क्रान्तिमा ठूलो मेला लाग्छ । यो मन्दिर मस्टोसँग सम्बन्धित भए पनि यहाँ बली चढदैन । सेतो ध्वजा मात्र चढछ, रातो कालो ध्वजा चढदैन) र स्वामीकार्तिक खापर (स्वामींकार्तिकेंखापर) जस्ता स्थानीय निकायका नाम मठमन्दिरसँग सम्बन्धित भएकाले

धार्मिक हुन् । बभ्फाङ जिल्लाका मष्टा, सूर्मा (देवीको नाम), दुर्गाथली (दुर्गाथलि, र्दुर्गादेवीको मठ), केदारस्युँ (केदारंसिउ, माथि केदारको मन्दिर तल सिम खेत भएको) स्थानीय निकायका नाम र अछामका मंगलसेन (मंगलंसेन, मंगला देवीको मन्दिर,) पन्चदेवल विनायक, बान्निगढी जयगढ (महाकाली, महालक्ष्मी र महासरस्वती त्रिमूर्तिय स्वरूपलाई बान्निगढी त्रिपुरा सुन्दरी भगवती भनिन्छ) पनि धार्मिक नाम हुन । त्यसैगरी डोटी जिल्लाका दिपायल सिलगढी (भगवान रामका पूर्खा राजा दीलीपले तपस्या गरी स्थापना गरेको दील्पेश्वर मठको नामबाट दिपायल र शैलेश्वरी मन्दिरको नामबाट सिलगढी नामकरण भएको) र बडीकेदार (बडिंकेदार, धाम) जस्ता स्थानीय निकायका नाम र बैतडी जिल्लाका शिवनाथ (शिव भगवान), मेलौली (मन्दिर), सिगास (केदार मन्दिर), पन्चेश्वर (पाँचंईश्वर), दोगडाकेदार (दोगडांकेदार, भगवानको बासस्थान) र डिलासैनी (डिलासैनीको मन्दिर) जस्ता नाम पनि धार्मिक आधारमा रहेका छन् । डँडेलधुराका भागेश्वर (मन्दिर), नवदुर्गा, गन्यापधुरा (गन्यांपंधुरा, देवताको नाम) र परशुराम (परशुराम धाम) दार्चुलाका मालिकार्जुन र ब्याँस (ऋषिको नाम), कैलालीका मोहन्याल (मन्दिर), जानकी (मन्दिर) र बर्दगोरिया (बर्दगोरिया, थारू भाषामा बर्द भनेको साँढे र गोरिया भनेको मालिक हुन्छ,यहाँ साँढे र मालिक भएको शिद्धबाबाको मन्दिर भएकाले नाम राखिएको हो) जस्ता स्थानीय निकायका नाम धार्मिक आधारमा नामकरण गरिएको छ । खप्तड, बैजनाथ धाम, बडिमालिका जस्ता प्रसिद्ध धार्मिक स्थान यस प्रदेशमा पर्दछन् । तिनै धार्मिक स्थानको नामबाट यहाँका ८८ स्थानीय निकायका नाममध्ये ३६ वा ३१.६८ प्रतिशत नाम धार्मिक आधारमा राखिएको छ ।

**भौगोलिक नाम**

वनस्पति, हिमाल, पशुपंक्षी, जीवजन्तु, नदी, ताल, खोला, नाला, झरना, जंगल, झाडी, भूमिको आकृति, अवस्थिति, महिना,बार, एवम् मिति, दिशा,प्रसिद्धि प्राप्त गाउँ, खानी आदिका आधारमा राखिएका स्थाननामलाई भौगोलिक स्थाननाम भनिन्छ । सुदूरपश्चिम प्रदेश अन्तर्गत डोटी जिल्लाका बुढीगंगा (खोलाको नाम), सायल (शैलावती खप्तडबाट बग्ने नदीको नामबाट, शैयली गाड) आदर्श, शिखर (शिखर नामको लेक) र जोरायल (जरासन्ध राक्षेसलाई भीमले मारेर बनाएको स्थान), डँडेलधुराको आलिताल (ताकको नाम) र कन्चनपुरका महाकाली (नदीको नाम), वेदकोट (तालको नाम), लालझाडी (ठूलो जङ्गल), पुर्नवास (२०२८ सालमा पुनर्वास गरिएको ठाउँ) र बेलडाँडी (बेलको रूख नजिकको बरको रूखको जरा हात्तीको नाकको डाँडी जस्तो भएकाले) जस्ता स्थानीय निकायका नाम भौगोलिक विशेषताका आधारमा रहेका छन् । कैलालीका गौरीगंगा (नदी), कैलारी (दाङको खोलाको नाम), लम्कीचुहा (लम्किंचुहा लामो बस्ती, पातलो बस्ती), भजनी (कछाड, पिछडिएको, कोल्टे परेको), हिमाली, चुरे, गोदावरी (फूलको नाम ) र घोडाघोडी (घोडांघोडी, घोडा हराएको ठाउँ), बैतडी जिल्लाका सुर्नया (नदी), पाटन (सम्म परेको) र पुर्चौडी (पुरंचौडी, उच्च स्थानमा चौडा ठाउँ),बाजुराको छेडेदह (तालको नाम), अछामका कमलबजार (कमल पोखरी), ढकारी (ढाक्रेको थकाइ मेटने स्थान), चौरपाटी (चौरंपाटी ),

तुर्माखाँद (तुर्मा खाँद, तमाखु खाने स्थान), मेल्लेख (मेलंलेक,मेल जातका रूख हुने ठाउँ), रामारोशन (रमांरोसन आमा छोरालाई राक्षसबाट मुक्ति भइ बनेको स्थान) र साँफेबगर (सर्प पाइने बगर) जस्ता स्थानीय निकायका नाम भौगोलिक हुन् ।

बझाङ जिल्लाका खप्तडछान्ना (खप्तडंछान्ना, उर्बर स्थान भएकाले सबैले छानेको ठाउँ वा छ प्रकारका धान फल्ने ठाउँ,) थलारा (स्थलंहरा बझाङ), सइपाल (हिमाल) र बित्थडचिर (बित्थडंचिर, ठूलो खुल्ला पाटन वा चौरको नाम, चिर भनेको चिरा चिरा परेको भूमि ), कैलालीका तककोट र टिकापुर (टिकांपुर टिका जस्तै गोलाकार भएकाले वा टिकाको दिन बस्ती बस्नका लागि जङ्गल फडानी भएको), दार्चुलाका दुहुँ (खोला तर्नका लागि प्रयोग हुने काठलाई स्थानीय भाषामा दुङ भनिन्छ । महाकाली नदी तर्नका लागि यस गाउँमा दुङ तरेर आउनु पर्थ्यो त्यसैको नामबाट दुँहु भएको अर्को भनाइ अनुसार द्रङ जातिका भोटेको राज्य भएकाले पनि यसको नाम रहन गएको), नौगाड (नौ ओटा मूलबाट गाड वा खोला निस्केका हुनाने यसको नाम नौगाड रहेको हो ) मार्मा (मारकाट, बढी हुने ठाउँ, दार्चुला सालिन्जरको राज्य भएको ब्राह्मणलाई सिंहले जितेर र राज्य गरेको स्थान ), शैल्यशिखर (शैल्यंशिखर, उच्च हिमाल), अपि हिमाल, छबिसपाथि भेरा (छबिसंपाथिभेरा, हिमालको नाम) र लेकम (पादरीले लेकंकम, लेकबाट आएको भन्ने अर्थमा) स्थानीय निकायका नाम भौगोलिक विशेषताका आधारमा रहेकाले यी नाम भौगोलिक हुन् । खोलानाला, डाँडाकाँडा पाखा र पर्वतले घेरिएको यो प्रदेश अन्तर्गतका ८८ स्थानीय निकायका नाममध्ये सबभन्दा बढी ४४ वा ३८.७२ प्रतिशत नाम भौगोलिक आधारमा राखिएका छन् ।

## सामाजिक नाम

पारिवारिक सम्बन्ध, वर्ण जाति, गोत्र, खानपान, पद तथा उपाधि र व्यक्तिका नामका आधारमा रहेका स्थाननामलाई सामाजिक स्थाननाम भनिन्छ । यस प्रदेश अन्तर्गतका बझाङ जिल्लाका जयपृथ्वी (ऐतिहासिक व्यक्ति) र तल्कोट (तलकोटी राजाको दरबार भएकाले), डोटी जिल्लाका के.आइ.सिं. (ऐतिहासिक व्यक्ति), बोगटान फट्सिला (बोगटी जातिको बसोबास क्षेत्र) र पूर्वीचौकी (पूर्वतिरको सुरक्षाका लागि खडा गरेको केन्द्र), कन्चरपुरको भीमदत्त (शहिदको नाम) र कृष्णपुर (कृष्ण नामको व्यक्ति) बैतडीको दशरथचन्द्र (शहीदको नाम), डँडेलधुराको अमरगढी (अमरसिंह थापाको नामबाट) र अजयमेरु (नागी मल्लले राज गरेको कोट ), कैलालीको जोशीपुर, धनगढी (धानंगढी धान हुने पश्चिमको एक प्रमूख किल्ला),अछामको बान्निगढी जयगढ (बान्निंगढि, चारैतिर बाधिएको गढी) जस्ता स्थानीय निकायको नाम सामाजिक रूपमा प्रख्यात भएका महापुरुषका नाम र जातिगत आधारमा नामकरण गरिएकाले यसप्रकारका नाम सामाजिक नाम हुन् । यस प्रदेशका स्थानीय निकायका नाम सामाजिक आधारमा सबभन्दा कम १३ ओटा वा ११.४४ प्रतिशत मात्र छन् । ऐतिहासिक र सामाजिक महत्त्वका महापुरुषको अभाव हुनु नै यस प्रदेशका स्थानीय निकायको नाम सामाजिक आधारमा नराख्नुको कारण हुन सक्छ ।

## निष्कर्ष

सुदूरपश्चिम प्रदेशमा ८८ स्थानीय निकायमध्ये एक उपमहानगरपालिका,३२ ओटा नगरपालिका र ५५ओटा गाउँपालिका रहेका छन् । ती स्थानीय निकाय नामकरणका आधारहरू धार्मिक,भौगोलिक र सामाजिक रहेका छन् । यो प्रदेश धार्मिक रुपमा परापूर्व कालदेखि नै प्रसिद्धि कमाएको प्रदेश भएकाले यहाँका ८८ स्थानीय निकाय मध्ये ३६ ओटाको नाम अर्थात ३१.६८ प्रतिशत नाम धार्मिक आधारमा रहेका छन् भने ४४ नाम वा ३८.७२ प्रतिशत स्थानीय निकायका नाम भौगोलिक आधारमा रहेका छन् । डाँडाकाँडा, खोलानालाको बाहुल्यता भएकाले यहाँका सबभन्दा बढी पालिकाका नाम यसै आधारमा राखिएको पाइन्छ । सामाजिक नाम भने जम्मा १३ ओटा वा ११.४४ प्रतिशत मात्र रहेका छन् । सामाजिक रूपमा महापुरूषको कमी र जाति वर्ण र गोत्र जस्ता कुराको स्थानीय निकायका नाममा प्रभाव परेको पाइदैन ।

## सन्दर्भ सामग्रीसूची

अग्रवाल, सरयुप्रसाद. (सन् १९७३). *अवध के स्थान नामों का भाषावैज्ञानिक अध्ययन.* लखनऊ : हिन्दी समिति ।

अग्रवाल, वासुदेवशरण. (सन् १९६९). *पणिनीकालीन भारतवर्ष.* वाराणसी : चौखंभा विद्या भवन ।

उपाध्याय. (२०७५). *कालिकोट जिल्लाका तिलागुफा क्षेत्रका स्थाननाम शब्दकोश.* एम.एड. शोधपत्र नेपाली भाषा शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

ओली, पुष्पा. (२०७३). *रुकुम जिल्लाका स्थाननामको नमुना शब्दकोश.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

कठायत, तपेन्द्रबहादुर. (२०७४). *अछाम जिल्ला पञ्चदेवल विनायक नगरपालिका स्थाननाम शब्दकोश.* एम.एड. शोधपत्र नेपाली भाषा शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

कामिनी. (सन् १९८५). बुन्देली भाषी (क्षेत्र के स्थान-अभिधानों का भाषावैज्ञानिक अध्ययन. कानपुर : आराधाना ब्रदर्श ।

के.सी.,नरेन्द्रकुमार. (२०७३). *रोल्पा जिल्लाका स्थाननामको शब्दकोश.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

केन्द्रीय तथ्याङ्क विभाग. (२०६९). *राष्ट्रिय जनगणना २०६८.* काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

खड्का, लालबहादुर. (२०७२). *जाजारकोट दशेरा क्षेत्रको स्थाननामको नमुना शब्दकोश.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

चन्द, विनोदकुमार. (२०७३). *दैलेख क्षेत्र नम्बर एकमा स्थाननाम शब्दकोश.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

चौलागाई, मुकुन्द. (२०७२). *जुम्ली भाषिक भेत्रका स्थाननाम.* एम.एड.. शोधपत्र, नेपाली विभाग सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

थापा, रागिनी. (२०११). *दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरूको विश्लेषणात्मक अध्ययन.* विद्यावारिधि शोधप्रबन्ध, नेपाली विभाग उत्तरबङ्ग विश्वविद्यालय दार्जि्लिङ, पश्चिमबङ्गाल भारत ।

द्विवेदी, राकेशनारायण. (सन् २०१२). *स्थान - नाम : समय के साक्षी (ललितपुर जनपथ के सन्दर्भ में).* ललितपुर उ.प. : जानकी प्रकाशन ।

पाण्डेय, धनकृष्ण. (२०७४). *कालिकोट लालुलोखडा क्षेत्रका स्थाननाम शब्दकोश.* एम.एड. शोधपत्र नेपाली भाषा शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

पुन, दानीलाल. (२०७३). *जाजरकोट जिल्ला खगेनकोट दराका स्थाननामको नमुना शब्दकोश.* अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

प्रदेश तथा स्थानीय तहको भाषिक तथ्याङ्क प्रदेश नम्बर ७ (२०७५) भाषा आयोग नेपाल ।

बयक, पूर्णबहादुर. (२०७२). *अछाम भैसोल्या क्षेत्रका स्थाननामकोश.* अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

बयक, मविनकुमार. (२०७२). *सुर्खेत जिल्ला पञ्चपुरी नगरपालिका स्थाननाम शब्दकोश.* अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

बरुवाल, वीरबहादुर. (२०७४). *सुर्खेत चौकुने गाउँपालिकाका स्थाननाम शब्दकोश.* एम.एड. शोधपत्र नेपाली भाषा शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

बुढा, मेजबहादुर. (२०७२). *हुम्ला भाषी क्षेत्रका स्थाननामको नमुना शब्दकोश निर्माण.* अप्रकाशित शोधपत्र, नेपाली भाषा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

बोरा, राजमल. (सन् १९९२). *नामों का भाषाविज्ञान (सांस्कृतिक, ऐतिहासिक विवेचना).* दिल्ली : राजपाल एण्ड सन्ज ।

भट्टराई, रामप्रसाद. (२०७३). *बर्दिया जिल्लाका स्थाननाम शब्दकोश.* अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

भाषा आयोग. (२०७३/२०७४). *भाषा आयोग वार्षिक प्रतिवेदन.* काठमाडौं : भाषा आयोग नेपाल ।

मल्ल, राजकुमार. (२०७५). *मुगु जिल्लाका स्थाननामको शब्दकोश.* एम.एड. शोधपत्र नेपाली भाषा शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

राई, तारामणि र चामलिङ, भोगिराज. (२०७४). *किरात स्थाननामः प्राग ऐतिहासिक एवम् भाषिक अध्ययन.* ललितपुरः नेपाल सरकार, आदिवासी उत्थान राष्ट्रिय प्रतिष्ठान जावलाखेल ।

राना, खड्कबहादुर. (२०७४). *सुर्खेत चिङ्गाड क्षेत्रका स्थाननाम शब्दकोश.* एम.एड.. शोधपत्र नेपाली भाषा शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा।

रोकाय, रणसुर. (२०७५). *हुम्ला जिल्ला अदानचुली क्षेत्रका स्थाननामकोश.* एम.एड.. शोधपत्र नेपाली भाषा शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

शाही, हर्कबहादुर र लामिछाने थानेश्वर. (२०७३). *स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण.* देवीकुमारी शाह र पुष्पाञ्जली लामिछाने ।

शाही, दीपक. (२०७५). *बाजुरा जिल्लाका स्थाननाम शब्दकोश.* एम.एड. शोधपत्र नेपाली भाषा शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

श्रेष्ठ, कृष्णप्रसाद. (२०४४). *स्थाननामकोश.* काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, कृष्णप्रकाश. (दोस्रो संस्करण २०६७). *स्थाननामकोश.* काठमाडौं : हिमाल किताब प्रा.लि. ।

सुनार, चन्द्राकुमारी. (२०७४). *गुर्भाकोट नगरपालिकाका स्थाननाम शब्दकोश.* एम.एड. शोधपत्र नेपाली भाषा शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।